# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
☎ फोन नं.-०२३-५४५८००

शिक्षा, युवा तथा खेलकुद शाखा
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल


प.सं. ०७८/७९
च.नं. २३०

मितिः- २०७९/०१/२५

**विषय :– आधारभूत शिक्षा (कक्षा-८) परीक्षा २०७८ को नतिजा प्रकाशन सम्बन्धमा ।**

**श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु,**
**विर्तामोड नगरपालिका, झापा ।**

प्रस्तुत विषयमा नगरस्तरीय परीक्षा समितिको मिति २०७९/०१/२५ गतेको निर्णयअनुसार आधारभूत शिक्षा (कक्षा ८) २०७८ को वार्षिक परीक्षाको नतिजा तपसील बमोजिम प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. सबै विद्यालयहरुले नगरपालिकाबाट प्रमाणित गरेको ग्रेड लेजरको आधारमा नतिजा प्रकाशन गर्नुपर्ने छ ।
२. विद्यालयहरुले नतिजा हेर्न चाहेमा IEMIS Login गरी View Ledger बाट हेर्न र प्रिन्ट गर्न सकिने छ ।
३. कक्षोन्नतिका लागि न्यूनतम GPA 1.6 र विषयगत रुपमा सबै विषयको परीक्षाको सैद्धान्तिकमा D तथा आन्तरिकमा C हुनुपर्ने छ । कुनै विषयमा सोअनुसार नभएको परीक्षार्थी कक्षा ९ मा स्तरोन्नति हुन पाउने छैन ।
४. सबै विद्यालयहरुले शाखाबाट प्रमाणित गरिएको ग्रेड लेजरमा विद्यालयको नाम, विद्यार्थीको नाम, थर, जन्ममिति जन्मदर्ताअनुसार फरक परेर सच्याउनु पर्ने भएमा पछिसम्म फरक नपर्ने गरी तपसील अनुसारको ढाँचामा विवरण तयार गरी मिति २०७९ जेठ ६ गतेभित्रमा यस शाखामा पेश गर्नुपर्नेछ ।

तपसील

| क्र.स. | विद्यालय/विद्यार्थीको नाम | रोल नं. | फरक भएको विवरण | | | हुनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | नाम थर | जन्ममिति | विद्यालयको नाम | | |
| | | | | | | | |
| | | | | | | | |

नोट– विद्यालयहरुले प्रमाणित ग्रेड लेजर मिति २०७९ वैशाख २५ गते दिनको ५ बजेसम्ममा शाखाबाट बुझिलिनु हुन अनुरोध छ ।

२०७९/१/२५
तिलचन भण्डारी
उपसचिव

**बोधार्थ**
श्री सूचना तथा प्रविधि शाखा,
विर्तामोड नगरपालिका विर्तामोड झापा- वेभसाइटमा अपलोड गरिदिनुहुन ।

Scanned with CamScanner